**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाडौं**

# <u>लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना</u>

(सूचना प्रकाशित मितिः २०८३/०४/२६)

कोषको ५३ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशन गर्न लागिएको कोषको वार्षिक प्रकाशन **"सञ्जीवनी"** मा समावेश गर्नका लागि इच्छुक सम्पूर्ण महानुभावहरूबाट देहाय बमोजिमका शर्तको अधीनमा रही खोजमूलक तथा अनुसन्धानमूलक विचार तथा अन्य समसामयिक विषयवस्तुसँग सम्बन्धित लेख रचनाहरू **<u>२०८३ भाद्र १५ गतेभित्र</u>** कोषको प्रशासन विभागमा आइपुग्ने गरी उपलब्ध गराइदिनु हुन अनुरोध छ।

**शर्तहरूः**

१. लेख रचनाहरू नेपाली वा अंग्रेजी कुनै एक भाषामा लेखिएको र भाषिक तथा व्याकरणीय शुद्धता समेत कायम गरेको हुनु पर्नेछ।

२. नेपाली भाषाको लेख रचना युनिकोड Kalimati Font र अंग्रेजी भाषाको लेख रचना Times New Roman Font मा टाइप गरी Softcopy उपलब्ध गराउनु पर्नेछ। लेख रचनाको Softcopy कोषको प्रशासन विभागमा कुनै उपयुक्त तरिकाबाट वा Email Id: bidurparajuli@dcgf.gov.np मा इमेल गरेर पठाउन सकिनेछ।

३. लेख रचना कम्तीमा २५०० शब्द र बढीमा ५००० शब्दको सीमाभित्र हुनु पर्नेछ।

४. लेख रचना यस अघि अन्यत्र प्रकाशित नभएको र सन्दर्भ सामग्रीको स्पष्ट स्रोत खुलेको हुनु पर्नेछ।

५. उपलब्ध गराइएका लेख रचनालाई आवश्यकताअनुसार सम्पादक समूहले परिमार्जन वा सामान्य हेरफेर गरी प्रकाशन गर्न सक्नेछ।

६. मौलिक तथा अनुसन्धानात्मक लेख रचनाहरूलाई प्राथमिकता दिइनेछ । साथै, AI Tools बाट सिर्जित लेख प्रकाशनयोग्य मानिने छैन।

७. उपलब्ध गराइएका लेख रचनाहरू प्रकाशन गर्ने वा नगर्ने अधिकार कोषमा निहित रहनेछ। प्रकाशन भएका लेख रचनाका स्रष्टालाई तोकिए बमोजिम पारिश्रमिक समेत उपलब्ध गराइनेछ। प्रकाशित लेख रचनाको प्रतिलिपि अधिकार लेखक स्वयंमा रहनेछ।

८. लेखकको नाम. ठेगाना. सम्पर्क नं., इमेल, मुखाकृति देखिने फोटो र आवद्ध संस्था भए सोको नाम र पद समेत खुलाउनु पर्नेछ।

९. निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सान्दर्भिक हुने देहायका विषयहरुमा मात्र लेख रचना पठाउनु पर्नेछः
   क. निक्षेप/कर्जा सुरक्षणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय
   ख. सार्वजनिक प्रशासन तथा व्यवस्थापनसँग सम्बन्धित विषय
   ग. अर्थतन्त्र. बैंकिङ्ग तथा वित्तीय प्रणाली, बीमा, पुँजीबजार आदिसँग सम्बन्धित विषय
   घ. सूचना प्रविधिसँग सम्बन्धित विषय
   ङ. बजेट, सार्वजनिक वित्त, लेखाप्रणालीसँग सम्बन्धित विषय

निक्षेप तथा कर्जा सुरक्षण कोष
Deposit & Credit Guarantee Fund